# प्रेस विज्ञप्ती

केही दिन यता बिभिन्न सन्चार माध्यमहरुमा योगदानमा आधारित सामाजिक सुरक्षा योजनाका बारेमा संप्रेषित समाचारहरुप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । सञ्चार माध्यममा उठाइएका विषयहरुका सम्बन्धमा मन्त्रालयको धारणा निम्नानुसार सपष्ट गरिएको छ।

१. **सामाजिक सुरक्षा योजनामा आवद्ध हुँदा श्रमिकले खाइपाई आएको सुविधा घट्छ कि भन्ने आशंकाका सम्बन्धमाः**

श्रम ऐन, २०७४ को दफा (३) मा श्रम ऐनमा व्यवस्था गरेका विषयहरु न्युनतम मापदण्डको रुपमा रहने प्रावधान रहेको हुँदा हाल खाई पाई आएको पारिश्रमिक एवं सुविधामा सामाजिक सुरक्षा योजना कार्यान्वयनको कारणवाट प्रतिकुल प्रभाव पर्ने देखिंदैन । यसका साथै ऐनको दफा १७८ को उपदफा (३) मा **"यो ऐन जारी हुंदाका बखत प्रचलित कानून वा सामूहिक सम्झौताद्वारा ऐनमा उल्लेख गरिएभन्दा वढी सुविधा प्राप्त गरिरहेको श्रमिकको सेवा, शर्त र सुविधामा यो ऐनमा उल्लिखित कुनै कुराले प्रतिकुल असर पारेको मानिने छैन"** भन्ने कुरा स्पस्ट उल्लेख रहेको हुँदा खाई पाई आएको सुविधा घट्ने प्रश्नै उठ्दैन । त्यसैगरी श्रम नियमावलीको नियम २३ को उपनियम (४) ले **"यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत कसैले ऐनको दफा ५३ मा उल्लेख भएको दरभन्दा बढी उपदान सुविधा प्राप्त गरेको रहेछ भने त्यस्तो उपदान रकममध्ये ऐनमा उल्लिखित दरको हदसम्मको रकम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्नेछ। त्यसरी जम्मा गरी बाँकी रहन आएको रकम सम्बन्धित श्रमिकले प्राप्त गर्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ"** भन्ने स्पस्ट व्यवस्था भएकोले हाल विभिन्न प्रतिष्ठानहरुमा कार्यरत कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेकै कारणवाट सुबिधा घट्ने हो की भन्ने द्विविधा राखिरहन आवश्यक देखिंदैन।

२. **सामाजिक सुरक्षा योजनाबाट प्राप्त हुने सेवा सुविधा र अन्य कोषबाट प्राप्त हुने प्रतिफलको तुलनाका सम्बन्धमाः**

निर्दिष्ट आवश्यकता सम्वोधन गर्ने गरी ऐनद्वारा नै पृथक उद्देश्य प्राप्तिका लागि फरक फरक कोषहरुको स्थापना गरिएको हुन्छ । सामाजिक सुरक्षा कोष श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने सन्दर्भमा स्थापीत निकाय हो। जनतामा बचत गर्ने बानी बसाल्न वा मुलुकमा पूँजी बजारको विकास गर्ने उद्देश्यले स्थापीत कोष वा यस्तै बचत उन्मुख कोषसँग सामाजिक सुरक्षा कोषलाई तुलना गर्नु युक्तिसंगत देखिंदैन। सामाजिक सुरक्षा कोष सरकार, रोजगारदाता र श्रमिक प्रतिनिधिहरुको सहमति एवं सहकार्यमा सञ्चालन हुने एक गैरनाफामूलक संस्था हो। यसबाट प्राप्त हुने सबै प्रतिफल योगदानकर्तालाई नै प्रदान गरिन्छ।

सामाजिक सुरक्षा योजनाका छुट्टा छुट्टै खाताहरु राख्नु पर्ने, योगदानकर्ताबाट जम्मा भएको रकम सोही प्रयोजनको लागि मात्र उपयोग गर्नुपर्ने कानुनी प्रावधान छ। यसबाट एउटा योजनाका लागि प्राप्त रकम अर्को प्रयोजनका लागि खर्च हुने वा दुरुपयोग हुने सम्भावना रहँदैन।योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७(२) मा सामाजिक सुरक्षा योजनामा सहभागी भएका योगदानकर्ताको संख्या, मुद्रास्फिति, कोषको आर्थिक अवस्था र सामाजिक सुरक्षा योजनाको संख्याको आधारमा योगदानको दरमा थपघट वा हेरफेर गर्न सक्ने व्यवस्था रहेकोले यसलाई समय सापेक्ष बनाउँदै लैजान सकिन्छ र मन्त्रालय यसतर्फ गम्भीर रहेको छ।

३. **कर सम्बन्धी व्यवस्थाका सम्बन्धमाः**

कतिपय करका प्रावधानहरुवारे दोहोरो करको भार नपरोस् भनी देखाइएको चिन्ता, चासो र पृष्ठपोषणलाई मन्त्रालयले सकारात्मक रुपमा लिएको छ। सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी यस विषयलाई यथासिघ्र स्पष्ट पारी सर्वसाधारणमा जानकारी गराइने छ।

४. **साठी बर्ष पुगे पछि मात्र निवृत्तभरण पाउने भन्ने विषयका सम्वन्धमाः**

सामाजिक सुरक्षा कार्यक्रम आयको निरन्तरता वा सुरक्षा ग्यारेन्टी गर्ने कार्यक्रम र असहजताका बेला असीमित दायित्व समेत बहन गर्ने कार्यक्रम हो। सकृय जीवनमा आर्जन गरेको आयको निश्चित हिस्सा निस्कृय जिवनमा उपयोग गर्ने मूल सिद्धान्तमा आधारित कार्यक्रम हो। नेपालको सन्दर्भमा औषत आयु ७१ बर्ष रहेको सन्दर्भमा ६० बर्ष सम्मको उमेरलाई सक्रिय उमेरको रुपमा लिएको, सो उमेर पछि आजिवन पेन्सनको दायित्व कोषले बोक्नु पर्ने भएको र योगदान निरन्तर रहेको अवस्थामा नै योगदानकर्ता विभिन्न स्वास्थ्य समस्याका कारणले काम गर्न नसक्ने भएमा आजिवन आयको निरन्तरता प्रदान गर्नेगरी निवृत्तभरण उपलब्ध गराउने भएको हुँदा ६० बर्ष अघिको सक्रिय जिवनमा कोषमा जम्मा भएको रकम पूर्णरुपमा उपयोग गर्नु सामाजिक सुरक्षाको मूल्य मान्यता विपरित हुनजान्छ। ऐनले व्यवस्था गरे बमोजिम बिमाङ्किय मुल्याङ्कन पछि योगदानकर्ताको हितलाई ध्यानमा राखेर बढी भन्दा बढी सुबिधा प्रदान गर्नेगरी सामाजिक सुरक्षा योजनाहरु समायोजन गर्ने गुञ्जायस भने सदा रहिरन्छ।

५. **निजामती कर्मचारीको निवृत्तभरण कोषसँगको तुलनाका सम्बन्धमाः**

निजामती सेवालाई हाल योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दायरामा ल्याइएको छैन। निजामती कर्मचारीको सेवा शर्त र सुविधा समेतका आधारमा छुटै योगदानमा आधारित निवृत्तभरण योजना शुरु हुन लागेको र यसमा सामाजिक सुरक्षा कोषबाट सञ्चालन भैरहेका अन्य योजना समेटिएको छैन। तसर्थ सामाजिक सुरक्षा योजनालाई निजामती कर्मचारीको निवृत्तभरण कोष योजनासँग तुलनागर्न युक्तिसंगत देखिंदैन।

६. ऋण सुविधाका सम्बन्धमाः

सामाजिक सुरक्षा कोष कर्जा प्रवाहका लागि स्थापित कोष नभएता पनि योगदानकर्ताको तत्कालको खाँचो टार्न सहयोग पुऱ्याउने उद्देश्यले योगदानकर्तालाई कर्जा सुविधा उपलब्ध गराउने धारणाका साथ लगानी योजना (Investment Schemes) सम्बन्धी निर्देशिका तर्जुमाको प्रक्रियामा रहेको र सो नेपाल सरकारबाट स्वीकृत हुनासाथ सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गरिनेछ।

यसर्थ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम सम्पूर्ण निजी र संगठीत संस्थाहरुलाई आफू र आफ्ना श्रमिकहरुलाई कोषमा सुचीकरण गरी कोषले प्रदान गर्ने सुविधाहरु उपयोग गरी लाभ उठाउनुहुन अनुरोध गर्दछौ ।साथै, सामाजिक सुरक्षा योजनामा आवद्ध हुने विषय ऐच्छिक नभई अनिवार्य भएको तथ्य समेत जोड दिन चाहन्छौं।

अन्त्यमा, नेपालको परिप्रेक्ष्यमा सामाजिक सुरक्षा अवधारणा तुलनात्मकरुपमा नयाँ अभ्यास भएकोले यसको कार्यान्वयन र दीगो सफलताको लागि सञ्चारकर्मीहरु, विभिन्न पेशामा आवद्ध कर्मचारीहरु, श्रमिक वर्ग, रोजगारदाता एवं सम्बद्ध सवैको रचनात्मक सहयोगको अपेक्षा मन्त्रालयले गरेको छ ।

.............................

प्रवक्ता

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय